आज मिति २०८२ साल असोज महिनाको ३० गते बिहीवारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को तेस्रो बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोत्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | साबित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

## अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु प्रसाद [illegible] | अधिकृत सातौं | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. कार्यक्रम स्वीकृती सम्बन्धमा।

३. शिवपुरी आधारभूत अस्पतालमा मेडिकल अधिकृत पदपूर्ति सम्बन्धमा ।

४. अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा।

५. योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।

६. गाउँसभाको विशेष अधिवेशन सम्वन्धमा ।

७. शुभकामना आदान प्रदान सम्बन्धमा ।

८. विविध ।

CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १समिक्षा सम्बन्धमाः**-यस पूर्व कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु कार्यान्वयन भै सकेको र अन्य वार्षिक योजना तथा कार्यक्रम कार्यान्वियनको प्रकृयामा अगाडी बढी रहेको व्यहोरा छलफल एवम् समिक्षा गरियो ।

**निर्णय नं.२ कार्यक्रम स्वीकृती सम्बन्धमाः**- शिवपुरी कृषि रुपान्तरण परियोजनाको चालु आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम शिर्षकगत रुपमा बाँडफाँड गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । कार्यक्रम सम्बन्धि विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

**निर्णय नं.३ मेडिकल अधिकृत पदपूर्ति सम्बन्धमा :**-गाउँपालिकाबाट सञ्चालनमा रहेको शिवपुरी आधाभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. सुशाङ्क ढुङ्गेलले आफ्नो पदमा रही कामकाज गर्न असमर्थ भएको भनि निवेदन पेश गर्नु भएको हुँदा कार्यालयको आन्तरिक स्रोतबाट तलव भत्ता खर्च लेख्ने गरि निजको स्थानमा अर्को व्यवस्था गर्ने गरी विज्ञापन गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं.४अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमाः**-कार्यालयले कार्य सम्पादन गर्दा अनुत्पादक कर्च कटाउने, मितव्ययी तवरले खर्च गर्ने भन्ने विषयको अर्थ मन्त्रालय र संङ्घीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रको जानकारी एवम् छलफल भयो । सो सम्बन्धमा कार्यालयमा कार्यरत दरवन्दी वाहेक वा करार सेवाका कर्मचारीको सम्बन्धमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरि स्पष्ट निर्देशन माग गर्ने र निर्देशन प्राप्त भए पश्चात सोही वमोजिम गर्ने निर्णय गरियो।

**निर्णय नं.५ योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमाः**-चालु आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रम नियमानुसार सम्झौता गरी कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.६ गाउँसभाको विशेष अधिवेशन सम्बन्धमाः**-गाउँ कार्यपालिकाको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार गाउँपालिका राष्ट्रिय महासंघसँगको समन्वय र सहकार्यमा वेरुजु फछ्यौंट सम्बन्धि प्रशिक्षण र गाउँसभाको विषेश

अधिवेशन २०८२ साल कार्तिक महिनाको ११ र १२ गते गाउँपालिकाको सभाहलमा सम्पन्न गर्न निर्णय गरियो ।

निर्णय नं.६ शुभकामना आदान प्रदान सम्बन्धमाः-नेपालीहरुको महान दोस्रो ठूलो चाड दिपावली, नेपाल संवत् र छट पर्वको पावन अवसरमा सुख, शान्ति, समृद्धिको कामना सहित शुभकामना आदान प्रदान गरियो ।

निर्णय नं. ७ विविधः-

एक स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमाः-मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणीय स्वास्थ्य एक अर्कामा अन्तरसम्वन्धित भएकोले एक पक्षको स्वास्थ्यमा भएको खरावीबाट अर्को पक्षमा पर्ने असरलाई कम गर्न समन्वयात्मक रूपमा कार्यक्रम क्रियाकलापहरू सञ्चालन गर्न गराउनको लागि कार्यपालिका सदस्य श्री रीता नेपालीको संयोजकत्वमा निम्नानुसार एक स्वास्थ्य समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री रीता नेपाली, कार्यपालिका सदस्य | - | संयोजक |
| श्री वन,वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | - | सदस्य |
| श्री शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - | सदस्य |
| श्री कृषि शाखा प्रमुख | – | सदस्य |
| श्री पशु सेवा शाखा प्रमुख | – | सदस्य |
| श्री स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख | – | सदस्य सचिव |

समितिको वैठकमा आवश्यकता अनुसार संघ संस्थाका पदाधिकारी, उपयुक्त अन्य व्यक्तिलाई आमन्त्रण गर्न वाधा पर्ने छैन।